के तपाईंको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १४८ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०८० जेठ २८ गते आइतबार ❑ 11 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

समानुपातिक प्रणालीलाई व्यवस्थापन गर्न संविधान संशोधन आवश्यक : सभापति देउवा

रासस
भक्तपुर, २७ जेठ

नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले समानुपातिक प्रणालीलाई व्यवस्थापन गर्न संविधान संसोधन आवश्यक भएको बताउनुभएको छ।

प्रत्यक्ष निर्वाचितलाई प्रतिनिधिसभामा र समानुपातिकलाई राष्ट्रियसभामा लैजाने गरी व्यवस्था गर्न त्यसका लागि संविधान संशोधन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । नेपाली कांग्रेस भक्तपुर जिल्ला कार्यसमितिले शनिबार यहाँ आयोजना गरेको कांग्रेस भक्तपुर जिल्ला सम्मेलनको उद्घाटन गर्दै सभापति देउवाले भन्नुभयो, “समानुपातिक प्रणालीलाई व्यवस्थापन गर्न संविधानमा रहेको व्यवस्था परिमार्जन गरेर जानुपर्छ, त्यसका लागि संविधान संशोधन गर्नुपर्छ, संविधान संशोधन गर्न संसद्मा दुई तिहाइ चाहिन्छ, त्यसमा सबै पार्टीमा सहमति भए गर्न नसकिने होइन, हामीले मात्रै केही गर्न सक्दैनौं ।”

कांग्रेस बलियो भए मात्रै प्रजातन्त्र बलियो हुन्छ भन्दै उहाँले नेता तथा कार्यकर्तालाई पार्टी बलियो बनाउन जिल्ला, पालिका, वडा, गाउँ र टोलसम्म अभियान लिएर जान निर्देशन दिनुभयो। सङ्गठनलाई बलियो बनाउने अभियान भक्तपुरबाटै सुरु गरेर सफलता प्राप्त गर्दै देशभर फैलाउन पनि उहाँले नेता कार्यकर्तालाई निर्देशन दिनुभयो । गठबन्धनको सरकारमा ठूलो पार्टी नेपाली कांग्रेस भए पनि सबैलाई चित्त बुझाएर जानुपर्ने बाध्यता रहेको बताउनुभयो । गठबन्धन गरेर निर्वाचनमा जाँदा कांग्रेस ठूलो पार्टी बनेको उहाँले उल्लेख गर्नुभयो । कांग्रेस नेता डा शेखर कोइरालाले सत्ता टिकाउनका लागि अदालतको आदेशविपरीत रेशम चौधरीलाई आममाफी दिने निर्णयले लोकतन्त्र कमजोर बनेको आरोप लगाउनुभयो । उहाँले भन्नुभयो, “जिल्ला, उच्च र सर्वोच्च अदालतको आदेशविपरीत चौधरीलाई आममाफी दिने कुराले अन्ततः लोकतन्त्रलाई नै कमजोर बनाउछ, राष्ट्रपतिले यसलाई रोक्नु पर्थ्यो, दण्डहीनतालाई प्रश्रय दिने गरी भएका यस्ता निर्णयलाई जनताले नियालिरहेका छन् ।”

जिल्ला निर्वाचन कार्यालयलाई जिल्ला प्रशासन कार्यालय मातहत राख्ने सरकारको निर्णयप्रति पनि आपत्ति जनाउँदै नेता कोइरालाले भन्नुभयो, “अहिले निर्वाचन आयोगलाई हामीले स्वतन्त्र र निष्पक्ष निर्वाचन आयोग बनाउनुपर्छ भनेर भनिराखेका छौं । तर सरकारले निर्वाचन आयोगलाई सिडियोको मातहतमा लगेर एउटा कोठामा थन्क्याएर राख्न खोज्दैछ, त्यसले लोकतन्त्र बलियो हुन सक्दैन, लोकतन्त्र बलियो हुन निर्वाचन आयोग स्वतन्त्र र निष्पक्ष हुन जरुरी छ।”

कांग्रेस सत्ता पक्ष भएकाले बजेटमा रहेका कमजोरीलाई संसद्मा उठाउन नसकेको उल्लेख गर्दै नेता कोइरालाले भन्नुभयो, “संसद्मा बजेटबारे विरोध गर्न सत्तापक्ष भएकाले सकिएन, तर बजेटमा गलत गरेका छौं भनेर मनन गर्ने बेला आएको छ, बजार भाउ अचाक्ली बढिसक्यो, जनतालाई मार पर्ने कार्य गर्नु हुँदैन ।” मिश्रित निर्वाचन प्रणालीले कुनै पनि दलले बहुमत आउन नसक्ने अवस्था आएकाले संविधान संशोधन गरेर जानुपर्ने र समानुपातिक प्रणालीको व्यवस्थालाई परिमार्जन गर्न नसके देश सङ्कटमा पर्ने उहाँको भनाइ थियो । नेताहरूले पूर्वराजाले केही बोल्यो कि गणतन्त्र जान्छ, सिद्धिन्छ भनेर बोल्नु कमजोर मानसिकताको उपज भएको टिप्पणी गर्दै नेता कोइरालाले पूर्वराजाले बोल्ने बित्तिकै गणतन्त्र गयो, समाप्त हुन थाल्यो भनेर बुझ्न गलत भएको र त्यसरी गणतन्त्रको

बाँकी अन्तिम पृष्ठमा ▶▶

फेवातालको सिंसार क्षेत्रमा धमाधम पुरिदै

पोखरापत्र संवाददाता
गण्डकी, २७ जेठ

रामसारमा सुचिकृत भएको विश्वकै ऐतिहासिक तथा पर्यटकीय स्थल फेवातालको सिंसार क्षेत्रमा माटो तथा ढुंगाले धमाधम परिदै छ।

पोखरा महानगरपालिकाले अनुमति नदिए पनि केही व्यक्तिहरुले रातारात तालको माथिल्लो भागमा रहेको दलदल भाग तथा पानी भएको क्षेत्रमा आवासिय क्षेत्र बनाउने भन्दै माटो ढुंगा हाल्दै पुर्ने काम धमाधम संचालन गरेका छन् ।

पोखरा २३ मा पर्ने फेवातालको भाग मरुवा, विर्ता, खपौंदी लगायतको क्षेत्रमा सयौं रोपनी सिंसार क्षेत्र पुर्दै प्लटिङ गर्न सुरु भएको स्थानियको गुनासो छ । पोखरा महानगरपालिकाले कोहीलाई सो क्षेत्रमा जग्गा पुर्दा केही नगर्ने केहीलाई पुर्न नदिने गरेको स्थानिय एक जग्गा धनि देविलाल लामिछानेले बताए। उनले भने “मेरो जग्गा तालको माथिल्लो भागमा रहेको छ, मेरो जग्गा वरीपरि सबैले माटो हालेर करिब ५ फिट माथि उकासेको अबस्था छ अब मेरो जग्गा खाल्टोमा र सिधै डुवानमा पर्ने भयो, अब अरुले पुर्न पाउने अब मैले किन नपाउने । ”

मिरुवा क्षेत्रमा आफु जस्ता केही व्यक्तिको जग्गामा खेतीपाती गर्न समेत नमिल्ने गरी केहीले जमिनमा माटो हाल्दै पुर्दै गर्दा आफुहरुको जग्गा भने खाडल र पानी हुदा डुवान हुने स्थानिय लामिछानेले बताए । पोखरा महानगर र मालपोत कार्यालय कास्कीले आफुहरुको जग्गा भएको मिरुवा क्षेत्रमा गैर कृषि क्षेत्र भनी भनेका कारण आफुहरुले कृषि सहित आवासिय क्षेत्र बनाउन चाहेको जनाए। फेवातालको पूर्वीक्षेत्रका केही व्यक्तिको स्वार्थका कारण पश्चिम क्षेत्रका व्यक्तिहरु सधै मारमा परेको बताउदै लामिछानेले पोखराका मेयर धनराज आचार्य र आफुहरुले प्राप्त गरेको लालपूर्जा एकै प्रकारको भएकोले आफुहरुले आफ्नो इच्छा अनुसार पुर्न पाउनुपर्ने माग गरे। स्थानिय टेक बहादुर तिमिल्सिनाले पोखराको फेवाताकलो ६५ मिटर लागु गर्ने बिषयमा अन्यौल भएको उल्लेख गर्दै आफुहरुको तालको भाग भन्दा ४ किलोमिटर टाडा रहेको क्षेत्रमा संरचना बनाउन पाउनुपर्ने बताए। मिरुवा क्षेत्र विगतका बर्ष देखि धानखेती नुहने सुख्खा क्षेत्र भएको उनले जनाए।

पोखरा महानगरले सिंसार र रामसार क्षेत्र तथा फेवातालको क्षेत्र कति हो त्यसको सिमाङकन गर्न नसक्दा फेवातालको माथिल्लो मागे पुर्ने काम भएको पोखराका एक युवा व्यवसायी युवराज खतिवडाले बताए । तालको पानीको सतह भन्दा ४ किलोमिटर माथिल्लो क्षेत्रमा आफुहरुले गैर कृषि तथा आवासिय क्षेत्र भएको कारण माटो तथा ढुंगाले पुर्दै गर्दा महानगरले पटक पटक दुःख दिने गरेको उनले गुनासो गरे।

बिषयमा पोखरा महानगरपालिका वडा नम्बर २३ का वडा अध्यक्ष रामकाजी श्रेष्ठले आफुहरुले दिउसो हेर्दा तालको सिंसार क्षेत्रमा खासै माटो पुर्ने काम नभएको तर रातारात माटो पुर्ने कार्य भईरहेको बताए । आफुले महानगरलाई जानकारी गराए पनि प्रहरी प्रशासनले समेत खासै वास्ता नगरेको उहाँको भनाई छ। यस बिषयमा पोखरा महानगरपालिकाका जिम्मेवार पदमा रहेका केही व्यक्तिहरुलाई सम्पर्क गर्दा यो समाचार तयार पार्दा सम्म फोन समेत उठाएनन्।

बाँकी अन्तिम पृष्ठमा ▶▶

पर्यटकीय आकर्षण बढाउन ‘हनि हन्टिङ’

पोखरापत्र संवाददाता
गण्डकी, २७ जेठ

कास्कीको माछापुच्छ्रे गाउँपालिकामा पर्यटकीय आकर्षण बढाउन भीर मौरीको मह काट्ने (हनि हन्टिङ) कार्यक्रम सञ्चालन गरिने भएको छ।

माछापुच्छ्रे गाउँपालिका-९ स्थित सिदिङ युनाइटेड क्लबको आयोजनामा ‘हनि हन्टिङ’ गर्न लागिएको सो वडाका अध्यक्ष हरिबहादुर क्षेत्री (राजेन्द्र) ले जानकारी दिनुभयो । मर्दी खोलाको आधार शिविरमा पर्ने ठूलो भीर र कोप्रे भीरमा जेठ २८ र २९ गते दुई दिनसम्म ‘हनि हन्टिङ’ कार्यक्रम गरिने वडाध्यक्ष अधिकारीले बताउनुभयो।

जेठ असारमा भीर मौरीको सिकार गर्नु उपयुक्त समय भएकाले पर्यटकीय आकर्षणको केन्द्र बनाउने उद्देश्यसहित कार्यक्रम गरिएको वडाध्यक्ष अधिकारीले बताउनुभयो । यो समयमा ‘हनि हन्टिङ’ निकै चुनौती र जोखिमपूर्ण रहेको वडाध्यक्ष अधिकारीको भनाइ छ। “जेठ र असारमा काटेको भीर मौरीको सिकार गर्नु अलि बढी खतरा मानिन्छ”, वडा अध्यक्ष अधिकारीले भन्नुभयो, “सुरक्षा चुनौतीको समाना गर्न वडाले समन्वय गरिरहेको छ। यो पर्यटकीय आकर्षणको केन्द्र बन्नसक्छ।”

स्थानीय मेखबहादुर तामाङका अनुसार ‘हनि हन्टिङ’ मा प्राचिन तरिकाले जसरी मह काटिन्थ्यो त्यसरी नै काटिने छ। यो नयाँ पुस्ताका लागि नौलो हुने उहाँको विश्वास छ। ‘हनि हन्टिङ’ हुने भीर मर्दी हिमाल ट्रेक तथा माछापुच्छ्रे नमूना पैदल मार्गको सङ्गमस्थल हो।

‘हनि हन्टिङ’ कार्यक्रमले पदयात्रामा जाने पर्यटकका लागि समेत आकर्षण थपिने स्थानीय तामाङले बताउनुभयो। भीर मौरीको मह काट्नका लागि दिन हेरएर साइत जुराउने प्रचलन रहेको स्थानीय तामाङले जानकारी दिनुभयो।

बोलेर होइन कामबाट पुष्टि गरौँ : मन्त्री गुरुङ

पोखरापत्र संवाददाता
स्याङ्जा, २७ जेठ

नेपाली कांग्रेसका केन्द्रीय उपसभापति एवं कानून, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले बोल्नेभन्दा पनि काम गर्ने समय आएको बताउनुभएको छ।

नेपाली कांग्रेस स्याङ्जा क्षेत्र नं २ ले शनिबार स्याङ्जाको वालिङमा आयोजना गरेको प्रथम क्षेत्रीय सम्मेलनमा उहाँले नेताले जनतालाई आश्वासन नभई कामले पुष्टि गर्नुपर्ने समय भएको बताउनुभएको हो।

“आफूले चुनेर पठाएको जनप्रतिनिधिबाट जनताले आशा गरेका छन्”, उहाँले भन्नुभयो, “जनताले झुटा आश्वासन नभई विकास निर्माण चाहेका छन्।”उहाँले राजनीतिक दलका नेताको बोलीभन्दा पनि कामको प्रतिफल (उपलब्धि)लाई मूल्याङ्कनको आधार बनाउने भएकाले पनि कामले पुष्टि गर्नुपर्ने बताउनुभयो।

फरक प्रसङ्गमा बोल्दै उहाँले राजनीतिक नेतृत्वमा रहेकाहरूको सम्पत्ति छानबिन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले सम्पत्ति छानबिनको सुरुआत आफैँबाट गर्न पनि आग्रह गर्नुभयो।

भ्रष्टाचारीको जात, लिङ्ग, वर्ण केही नहुने भएकाले भ्रष्टाचारमा संलग्न जो-कोही भए पनि निष्पक्ष ढङ्गबाट छानबिन गर्नुपर्ने मन्त्री गुरुङको भनाइ थियो ।



सुपथ मूल्यमा आकर्षक छपाइ
पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

राष्ट्रिय कविता प्रतियोगितामा सिरहाका भट्टराई प्रथम

पोखरापत्र संवाददाता
दमौली, २७ जेठ

गण्डकी वाङ्मय प्रतिष्ठान तनहुँको आयोजनामा दमौलीमा शुक्रबारदेखि सुरु भएको राष्ट्रिय कविता प्रतियोगितामा सिरहाका अविनाश भट्टराई प्रथम हुनुभएको छ।

प्रतियोगितामा सङ्खुवासभाका सिजन श्रेष्ठ द्वितीय, झापाका केशव भट्टराई तृतीय हुनुभएको छ। रौतहटका मनोज विश्वकर्मा, चितवनका सिर्जन अविरल, मोरङका पूजा आराधना, तनहुँका प्रकाश र म्घाली, गोरखाका भरतबाबु ढकाल र सिन्धुपाल्चोकका सुन्दर शिरिष सान्त्वना हुनुभएको छ।

प्रथम, द्वितीय र तृतीय हुने कविलाई क्रमशः रु ५५ हजार, रु ४० हजार र २५ हजार नगद प्रदान गरिनेछ । त्यस्तै सान्त्वना हुनेलाई जनही रु १० हजारका दरले पुरस्कार प्रदान गरिनेछ। उक्त पुरस्कार शुक्रबार प्रदान गरिने गण्डकी वाङ्मय प्रतिष्ठानकी सचिव अन्जु दाहालले जानकारी दिनुभयो । साहित्यकार रमेश पौडेलको संयोजकत्वमा रहेको निर्णायक समितिले उत्कृष्ट कविता घोषणा गरेको हो।

कविता प्रतियोगितामा देशभरबाट दुई सय ३७ कविता प्राप्त भएको थियो । दुई वर्ष अगाडि कार्यक्रम तय गरी कविता प्राप्त भएकामा सोही कवितालाई अहिले प्रतिस्पर्धामा सहभागी गराई घोषणा गरिएको प्रतिष्ठानका अध्यक्ष अर्जुन अधिकारीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “दुई वर्ष पहिला कार्यक्रम तय भई कविताहरू प्राप्त भएका थिए, त्यतिबेला कोभिडका कारण कार्यक्रम गर्न नसकेर स्थगित भयो, सोही कविता अहिले प्रतिस्पर्धामा सहभागी गराएर उत्कृष्ट घोषणा गरिएको हो।”

सोही कार्यक्रममा गण्डकी वाङ्मय पुरस्कार २०७९ देखि वरिष्ठ साहित्यकार समालोचक नारायणप्रसाद गौतमलाई प्रदान गरिएको छ। विसं २०५४ मा स्थापना भएको यो संस्थामा स्थापित रु एक लाख अक्षयकोषबाट साहित्यकार गौतमलाई पुरस्कृत गरिएको हो । पुरस्कारको राशि रु १० हजार रहेको छ।

कार्यक्रमकै अवसरमा कविता प्रतियोगितामा सहभागी कवितामध्ये उत्कृष्ट ६५ वटा कविता समावेश गरी स्मारिका प्रकाशित गरिएको छ । उक्त स्मारिकाको शुक्रबार साहित्यकार सरुभक्त श्रेष्ठले विमोचन गर्नुभएको थियो।

मिलेनियम ट्रेकको प्रवर्द्धन टोली सादीखोलामा

पोखरापत्र संवाददाता
गण्डकी, २७ जेठ

सहश्राव्दी पदमार्ग(मिलेनियम ट्रेक) को पुनः प्रवर्द्धन एवम् बजारीकरणको लक्ष्यका साथ शुक्रबारदेखि हिडेको टोली आज पदमार्ग क्षेत्रको सादीखोलामा पुगेको छ।

मिलेनियम ट्रेक व्यवस्थापन समितिको आयोजना एवम् नेपाल पर्यटन बोर्डको सह आयोजना एवम् प्रवर्द्धनमा सात दिने कार्यक्रमका साथ हिडेको टोलीले शुक्रबार तनहुँको दुलेगौडाबाट आफ्नो यात्रा सुरु गरेको थियो।

शुक्रबार पदमार्ग क्षेत्रका धार्मिक पर्यटकीय स्थल ढोरबराह मन्दिर, ऐतिहासिक ढोरमूलकोट दरबार क्षेत्रको स्थलगत अवलोकन गरेको टोली साँझ रजस्थल सामुदायिक होमस्टेमा बसी होमस्टे सञ्चालक एवम् सरोकारवालासँग अन्तरक्रिया गरेको थियो। शनिबार बिहान रजस्थलबाट दोस्रो दिनको यात्रा थालेको टोलीले शुक्लागण्डकी नगरपालिका वडा नं १२मा निर्माणाधिन तमु हिल पार्कको अवलोकनसँगै सरोकारवालासँग अन्तरक्रिया गरेको थियो। उक्त अवसरमा तमु हिल पार्क निर्माण समितिका सचिव डम्बरसिंह गुरुङ, गजबहादुर गुरुङ लगायतसँग छलफल एवम् अन्तरक्रिया गरिएको थियो। टोलीले ढोर लामागाउँ सामुदायिक होमस्टेमा पुगी उक्त होमस्टेकी अध्यक्ष उमा गुरुङ, शुक्लागण्डकी नगरपालिका वडा नं १२ का वडा अध्यक्ष इन्द्रबहादुर गुरुङ लगायतसँग अन्तरक्रिया गरेको थियो। टोलीले उक्त वडाकै मिलेनियम होमस्टेका अध्यक्ष कोपिला गुरुङ र घरेडी होस्टेका अध्यक्ष ठूलमाया गुरुङसँग पनि अन्तरक्रिया गरेको थियो। टोलीले आजै पदमार्ग क्षेत्रको मिलेनियम गुफा अवलोकन एवम् पुतलीबजार नगरपालिका वडा नं ७ स्थित सादी खोलामा त्यहाँका स्थानीयसँग पनि अन्तरक्रिया गरेको छ। अन्तरक्रियामा पुतलीबजार नगरपालिका वडा नं ७ का वडा अध्यक्ष कृष्णबहादुर आले, टोल विकास संस्थाका अध्यक्ष सुकबहादुर थापा, आमा समुहका अध्यक्ष रेममाया थापा लगायतसँग अर्न्तक्रिया गरेको छ। कार्यक्रममा मिलेनियम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङले सुस्ताएको मिलेनियम ट्रेकको पुनः जागरण एवम् प्रवर्द्धनको लक्ष्यका साथ आँफूहरू आइपुगेको बताउनुभयो। सहप्रा डा.रामजी पोखरेलले होमस्टे सञ्चालनले रोजगारी समेत सिर्जना गर्ने बताउँदै मिलेनियम ट्रेकमा अधिकतम पर्यटक ल्याउने वातावरण सिर्जना गर्नु जरुरी रहेकोमा जोड दिनुभयो।

टान गण्डकीका सदस्य दीपकप्रसाद सापकोटाले मिलेनियम ट्रेकको प्रवर्द्धनमा टानले सहयोग गर्ने बताउँदै मोटरबाटोका नाममा जथाभावी बाटो खोल्ने प्रवृत्तिलाई निरुत्साहन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। पोखरा पंछी समाजका अध्यक्ष मनशान्त घिमिरेले पदमार्ग क्षेत्रमा रहने चराहरू, यहाँको जैविक विविधता बारे अध्ययन भैरहेको बताउँदै ती विषयलाई पुस्तकमा समेट्ने प्रयास भएको धारणा राख्नुभयो।

रामजीलाई लेखनाथ हाफ म्याराथनको उपाधि

पोखरापत्र संवाददाता
गण्डकी, २७ जेठ

पोखरा महानगरपालिका खेलकुद विकास समितिले आयोजना गरेको लेखनाथ हाफ म्याराथन-२०८० को उपाधि रामजी बस्नेतले जितेका छन्। शनिबार भएको दौडको निर्धारित २१ किलोमिटर दुरी एक घण्टा १३ मिनेट ३३ सेकेण्डमा पूरा गर्दै बस्नेतले उपाधि जितेका हुन्।

कास्की जिल्ला एथ्लेटिक्स संघको प्राविधिक सहयोगमा भएको म्याराथनमा मोहनदेव जोशी द्वितीय र अनिष गुरूङ तृतीय भए। जोशीले एक घण्टा १४ मिनेट दुई सेकेण्ड र गुरूङले एक घण्टा १८ मिनेट आठ सेकेण्डमा दौड पूरा गरेको रेस डाइरेक्टर सिद्धान्त अधिकारीले जानकारी दिए। महिला खुल्ला १० किलोमिटर दौडतर्फ पूर्णलक्ष्मी न्यौपाने प्रथम, आशा राउत द्वितीय र सुमित्रा चौधरी तृतीय भए। न्यौपानेले एक घण्टा ६ मिनेट ३७ सेकेण्ड, राउतले एक घण्टा सात मिनेट २१ सेकेण्ड र चौधरीले एक घण्टा आठ मिनेट १६ सेकेण्डमा दूरी पूरा गरेको आयोजकले जनाएको छ। म्याराथन र महिला १० किलोमिटर दौडमा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः ३० हजार, २० हजार र १० हजार रूपैयाँको साथमा मेडल र प्रमाण-पत्र पाएका छन्। २१ किलोमिटरको म्याराथनमा प्रथम, द्वितीय र तृतीय भएकालाई लेखनाथ उद्योग वाणिज्य संघले पुरस्कारमा १०-१० हजार रूपैयाँ प्रोत्साहनबापत दिएको खेलकुद विकास समितिका सदस्य सचिव सुवास खड्काले जानकारी दिए। पाँच किलोमिटर छात्रा विधामा नारायणी भण्डारी प्रथम भइन्। उनले २४ मिनेट ५० सेकेण्डमा दूरी पार गरिन्। मेनुका अधिकारी र एञ्जल अधिकारी क्रमश : २५ मिनेट ३८ सेकेण्ड र २६ मिनेट ४० सेकेण्डमा दौड पूरा गर्दै द्वितीय र तृतीय भए। छात्रतर्फ १७ मिनेट ४० सेकेण्डमा पाँच किलोमिटर दूरी पार गरेर तेन्जोन रोका प्रथम भए। विवेक परियार १७ मिनेट ५० सेकेण्डमा र सुनिल वि.क १७ मिनेट ५५ सेकेण्डमा दूरी पूरा गरेर क्रमशः द्वितीय र तृतीय भए। पाँच किलोमिटर दौडमा प्रथम, द्वितीय र तृतीय भएका छात्र-छात्राले १५ हजार, १० हजार र पाँच हजार रूपैयाँसहित मेडल र प्रमाणपत्र पाएका छन्।

यसैगरी धावक चेतनाथ चालिसे पोखरा च्याम्पियन घोषित भए। उनले १० हजार रूपैयाँसहित मेडल र प्रमाणपत्र पुरस्कार पाए। म्याराथनमा सहभागी पोखराका खेलाडीमध्ये सबैभन्दा पहिला निर्धारित दुरी पूरा गरेका चालिसेले पोखरा च्याम्पियन उपाधि हात पारेका हुन्। चालिसेले २१ किलोमिटर दौड एक घण्टा ३१ मिनेट ४५ सेकेण्डमा पूरा गरेका थिए। उक्त समयमा निर्धारित दूरी पार गर्दा उनी १३ औं भएका थिए। चालिसे पोखरा-१७ बिरौटा निवासी हुन्।

पोखराको मदरल्याण्ड माविद्वारा फुटबल खेलाडी भण्डारी सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, २७ जेठ

पोखराको मदरल्याण्ड विद्यालयले नेपाली राष्ट्रिय महिला फुटबल टिमकी स्ट्राइकर सावित्रा भण्डारी (साम्बा) लाई नगदसहित सम्मान गरेको छ।

भण्डारीलाई मदरल्याण्ड माविले नगद रु २५ हजारसहित सम्मान गरेको हो। उहाँलाई पश्चिम पृतना हेडक्वार्टर विजयपुरका पृतनापति दीपककुमार बानियाँ, विद्यालयका निर्देशक डा त्रिभुवन बराल, प्रिन्सिपल नारायण बराल, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले सम्मान गर्नुभएको थियो।

MOTHERLAND SECONDARY SCHOOL
FUTSAL COURT

सावित्रा भण्डारी २६ वर्षअघि लमजुङमा जन्मनुभएको हो। विसं २०७० देखि फुटबल खेल्न सुरु गर्नुभएकी उहाँले सोही वर्ष राष्ट्रिय टिममा 'डेब्यु' गर्नुभयो। सन् २०१४ मा भएको साफ च्याम्पियनसीपमा उहाँ देशको प्रतिनिधित्व गर्दै पहिलो अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुनुभयो। हालसम्म उहाँले देशको प्रतिनिधत्व गर्दै एक दर्जन अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाइसक्नुभएको छ। यही योगदानस्वरुप विद्यालयले सम्मान गरेको विद्यालयका प्रिन्सिपल बरालले बताउनुभयो। सम्मान ग्रहणपछि भण्डारीले असम्भव केही नभएकाले भविष्यको सम्भावना आफैंले खोज्नुपर्ने बताउनुभयो। विद्यालयले गरेको सम्मानप्रति आभार व्यक्त गर्दै आफू खेलकुदमा लागि रहने उहाँको भनाइ थियो।

समानुपातिक...

समाप्त पनि नहुने बताउनुभयो। पार्टीभित्र युवा पुस्ताको उपस्थिति बलियो रहेकाले कांग्रेस कमजोर भयो भन्ने कुरा हल्ला मात्र भएको भन्दै उहाँले पार्टी जनतासँग भने टाढिएको बताउनुभययो। जनतासँग जोडिने कार्यक्रम ल्याउनु अहिलेको पहिलो आवश्यकता रहेको उल्लेख गर्दै नेता कोइरालाले पार्टीलाई जनतासँग सही ढङ्गले जोड्न नसके कांग्रेसको औचित्य गुम्दै जाने बताउनुभयो। उहाँले युवा पुस्ताले कांग्रेसलाई बलियो बनाउँदै आगामी निर्वाचनमा वडा, पालिकादेखि संसद्सम्म कांग्रेस एक्लैले उम्मेदवारी दिएर आफ्नो अस्तित्व बलियो बनाउने बताउनुभयो।

फेवाताल...

पोखरा महानगरपालिकाकाले केही समय अघि पोखराका एक युवा युवराज खतिवडालाई अवैध रुपमा ताल पुरेको आरोपमा पक्राउ गरेको थियो भने केही दिन अघि उनको सवारी साधन समेत महानगरले नियन्त्रणमा लिएको छ। खतिवडाले फेवातालको पखौदी तथा मरुवा क्षेत्रमा महानगरले नै आवासिय र गैर कृषि क्षेत्र भनि पहिचान गरेकोले स्थानियले आफ्नो इच्छा अनुसार जग्गा उपभोग गर्न पाउनु पर्ने बताए। स्थानिय तोयनाथ पराजुलीले फेवाताल पहिलाको तुलनामा निकै साँघुरिदै गएकोमा चिन्क्त व्यक्त गरे। स्थानिय चन्द्र बहादुर गुरुङले पुम्दीभुम्दी र चापाकोट क्षेत्रको करिब ४ सय मिटर माथिल्लो डाडा तथा भिरालो क्षेत्रको भागसम्म रामसार क्षेत्र भनेका कारण आफुहरुले केही गर्न नपाएको गुनासो गरे। फेवातालको माथिल्लो भाग मरुवा क्षेत्रमा पिच सडक तथा पोल सहितको प्लटिङनै निर्माण भएको बताए। फेवातालको क्षेत्रफल ५ दशमवल ७ सय २६ वर्ग किलोमिटर अर्थात ११ हजार २ सय ५५ रोपनी ११ आना १ पैसा भएको एक अध्ययनले देखाएको छ।

▸ मानो रोपौं, मुरी फलाऔं,
▸ खेतीयोग्य जमिन बाँझो नछोडौं,
▸ पसिना बगाऔं, समुन्नत बनौं,
▸ आफू र देशलाई
परनिर्भरताबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनहितमा जारी जरूरी सूचना

सुख्खा याम तथा खडेरीको मौसममा वन डढेलो लागि वन पैदावार वन्यजन्तु तथा पंक्षीसमेतलाई हानी- नोक्सानी पुऱ्याई समग्र वातावरणमा नकारात्मक असर पर्न सक्ने सम्भावना भएकोले सुक्खायाम तथा हावाहुरी लाग्ने समयमा आफ्नो गाउँ नगर वरिपरिको वन क्षेत्रलाई वन डढेलोबाट जोगाइ वन संरक्षण तर्फ अग्रसर हुन अनुरोध छ। कथंकदाचित वन डढेलो लागि हालेमा वन उपभोक्ता समूह लगायतका सम्वद्ध पक्षहरु मिली तत्काल नजिकको वन कार्यालय तथा सुरक्षा निकायमा वन डढेलोको सूचना गर्ने तथा श्रोत र साधनले भ्याएसम्म सम्बन्धित सबै पक्षसँग सहकार्य गरी वन डढेलो तत्काल निभाउन प्रयत्न गर्नुहुन समेत हार्दिक अनुरोध छ।

गण्डकी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
पोखरा, नेपाल
सम्पर्क नः ०६१–४६७७३२/४६७७३३

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

➯ **पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
➯ **महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
➯ **सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
➯ **मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

सम्पादकीय

प्रचण्डको फेरिएको रुप

भारतका उच्च पदस्त अधिकारीहरु नेपाल भ्रमणमा आउँदा पशुपतीनाथको मन्दिर दर्शन गर्न पुग्छन । पशुपतिनाथको मन्दिरमा दर्शन गर्न र पुजापाठ कार्यक्रम बनाएर भारतीय नेताहरु नेपाल भ्रमणमा आउने गरेका छन । हिन्दु धर्मालम्बीहरुको आस्थाको केन्द्र पशुपतिनाथ मन्दिर हो । नेपालका राष्ट्रपति, प्रधानमन्त्री पशुपतिनाथको मन्दिरमा दर्शन गर्न जानू बहुसंख्यक हिन्दु धर्म मान्ने जनताको विश्वास जित्ने काम पनि हो । नेपाली उखान नजिकको तिर्थ हेलाँ भने जस्तै व्यवहार नेकपा माओवादी नेताहरुले गर्दै आएका थिए।सरकारको नेतृत्व गरेको बेला पशुपति लगायतका मठ मन्दिर नटेकेका पुष्प कमल दाहाल प्रचण्डलाई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पशुपतिनाथ लगायतका हिन्दु मठ मन्दिर दर्शन गर्न बाध्य पारेका छन ।

केपी शर्मा ओलीले पशुपतिनाथ लगायतका मठ मन्दिर पुगेर पुजा पाठ गर्दा विरोध गर्ने माओवादी र इसाईहरु अहिले प्रचण्डको बदलीएको अवतार देखेर नाजवाफ भएका छन।भारत भ्रमणको क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले उज्जैनमा महाकालेश्वर मन्दिरमा पूजापाठ गरे । उनले गेरुवस्त्र लगाएर पूजापाठ गरेको विषयमा चर्को टिकाटिप्पणी भयो । हिजो राष्ट्रपति विध्यादेवी भण्डारीलाई गरिएका विरोध र गालीले आँफैलाई गिज्याएको छ ।

कम्युनिस्ट प्रधानमन्त्री त्यसमा पनि धर्मनिरपेक्षताका पक्षधर प्रचण्ड धार्मिक अवतारमा भारतमा प्रकट भएको माओवादी पङ्तिले पत्याउन सकेको छैन । भारत भ्रमणका क्रममा प्रचण्डले उज्जैनस्थित ज्योतिर्लिङ्ग महाकालेश्वरबाट ल्याएको जल पशुपतिनाथमा चढाएको बताइएको छ । उनलाई पशुपतिमा संस्कृतिमन्त्री सुदन किराती र पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा मिलनकुमार थापाले स्वागत गरेका थिए । सत्तामा हुँदा र सत्तामा टिक्न गरेका यावत क्रियाकलापले जनयुद्धका बेला भएका ज्यादतीप्रति माफी माग्नुपर्छ।संगत गुनाको फल भनेजस्तै काङ्गेसले माओवादीलाई आफ्नो लाईनमा ल्याउन सकेको छ ।

पशुपतिनाथ मन्दिर दर्शनका लागि प्रधानमन्त्री दाहालसँगै भारत भ्रमणको समूहमा रहेका अर्थमन्त्री डा प्रकाशशरण महत, परराष्ट्रमन्त्री एनपी साउद, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल तथा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत पनि पुगेका थिए । सरकारको नेतृत्व गर्ने विगतका मान्यता गलत थिए भन्ने व्वबहारले पुष्टि गराउन काङ्गेस सफल भएको छ।माओवादीलाई विगतमा लिएको नीति र अबलम्वन गरेको बाटो गलत रहेछ भनेर प्रायस्चित गर्ने अवसर पनि हो ।

तपाईको आज

मेष : आर्थिक समस्या
वृष : मानसिक तनाब
मिथुन : शारीरिक झमेला
ककर्ट : ब्यापारमा लाभ
सिंह : शत्रुको भय
कन्या : झमेला बड्ने
तुला : कार्यमा सफलता
वृश्चिक : मन चञ्चल
धनु : सहयोग मिल्नेछ
मकर : सत्कार मिल्नेछ
कुम्भ : सम्मान मिल्नेछ
मीन : अप्रत्यसित लाभ

हरिसिद्दि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

मुक्तिनाथ बाहिनीको निशुल्क स्वास्थ्य शिविर

पोखरापत्र संवाददाता
पोखरा, २७ जेठ

सशस्त्र प्रहरी बल नेपाल नं ४ मुक्तिनाथ बाहिनी मुख्यालय पोखराले आफ्नो २२ औं स्थापना दिवसमा आयोजित साप्ताहिक कार्यक्रम अर्न्तगत निशुल्क स्वास्थ्य शिविरसँगै रक्तदान कार्यक्रम गरेर सम्पन्न गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल न. ४ मुक्तिनाथ बाहिनी मुख्यालयले स्थापना दिवसको अवसरमा नं २४ हेडक्वार्टर कालिका मालेपाटनमा आयोजित निशुल्क स्वास्थ्य शिविरमा ४ सय ७६ जनाले स्वास्थ्य जाँच गरेका छन् । नेपाल एपिएफ अस्पताल र गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको सहयोगमा सञ्जालित निशुल्क स्वास्थ्य शिविरमा साधारण स्वास्थ्य जाँच २ सय ३७ जना, ल्याव जाँच १ सय २९ जना र महिलाहरुको पाठेघरको हुन सक्ने क्यान्सरको जाँच ५० जनाले गरेका छन् । यस्तै रक्तदान कार्यक्रममा ३१ युनिट रगत संकलन भएको सशस्त्र प्रहरी बल मुक्तिनाथ बाहिनीका प्रहरी निरिक्षक भिमबहादुर क्षेत्रीले जानकारी दिए ।

उनका अनुसार सशस्त्र प्रहरी बल नेपाल नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय पोखराको २२ औं स्थापनाका दिवसको अवसरमा साप्ताहिक कार्यक्रम जेठ २५ गतेदेखि सुरु भएको हो । साप्ताहिक कार्यक्रम अर्न्तगत मुक्तिनाथ बाहिनीले आन्तरिक प्रतियोगितासँगै सरसफाईको कार्यक्रम सञ्चालन गरेको हो ।

निशुल्क स्वास्थ्य शिविरमा सशस्त्र प्रहरीका कर्मचारीसँगै स्थानीयहरुको स्वास्थ्य जाँच गरिएको थियो । कार्यक्रममा सशस्त्र प्रहरी बलका डिआईजी कालिदास धौबजीले पोखरामा सञ्चालन गर्न लागिएको फिल्ड हस्पिटलले आफ्नो कर्मचारीसँग स्थानीय जनताको स्वास्थ्य सेवाको पहुँचलाई समेत सहज बनाउने बताए । उनले पोखरामा सञ्चालन हुन लागेको फिल्ड हस्पिटलले २ वटा अत्याधुनिक एम्बुलेन्स सहित नागरिकको स्वास्थ्य क्षेत्रसँग जोडिने बताए । यस्तै गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिब बिनोद बिन्दु शर्माले विपदसँग जोडिएको स्वास्थ्य क्षेत्र र सशस्त्र प्रहरी बल नेपालको अझै जनतासँगको सेवाले मजबुत सेवा जनतामा लिएर अगाडि बढ्ने बताए ।

खडेरीले बीउ सुक्यो, रोपाइँ प्रभावित

पोखरापत्र संवाददाता
पर्वत २७ जेठ

लामो समयदेखिको खडेरी र तापक्रम वृद्धिका कारण पर्वतमा बर्खेबाली रोपाइँ प्रभावित भएको छ ।

यतिवेला धमाधम कोदो र धान रोपाइँ सुरु हुने बेला भए पनि वर्षा नभएका कारण कृषकले रोपाइँ गर्न नपाएका हुन् । विगतका वर्षमा जिल्लाका अधिकांश वडामा अहिलेसम्म कोदो रोपाइँ सकिन्थ्यो । केही वडामा धान रोपाइँ हुन्थ्यो तर यस वर्ष भने कुनै पनि वडामा रोपाइँ सुरु नभएको कृषकले बताएका छन् । लामो समयदेखि वर्षा नभएका कारण कोदोको बीउ सुक्न थालेको छ भने मकैलगायत खेतबारीमा लगाएका अन्य गैंडागुडी खेतीसमेत ओइलाउन थालेको कुश्मा नगरपालिका-१२ का कृषक रामप्रसाद सापकोटाले बताउनुभयो । गत वर्ष कोदो रोपिसकेर धान रोपाइँ सुरु गरेका थियौं उहाँले भन्नुभयो, “यस वर्ष कुनै पनि रोप्न पाइएको छैन, कोदोको बीउ सुकिसकेको छ भने धानको बीउसमेत राख्न पाइएको छैन ।” धानको पानी बीउ राख्ने प्रचलन भए पनि जेठ अन्तिम सातासम्म वर्षा नभएपछि कतिपयले धुले बीउ राख्नथालेका छन् । सिँचाइको सुविधा भएका ठाउँमा समेत खोलानाला सुकेका कारण समयमै बीउ राख्न र रोपाइँ गर्न समस्या भएको फलेवास-५ का हरि पौडेलले बताउनुभयो । यस वर्ष समयमै रोपाइँ गर्न नपाइने भयो । पछिल्ला केही दिनयता तापक्रमसमेत ह्वात्तै बढेका कारण लगाएकाबालीनालीसमेतओइलाउँदै गएको उहाँले बताउनुभयो । पर्वतका अधिकांश वडामा वर्षाको भरमा खेतीबाली लगाउँदै आएका छन् । झण्डै सात हजार हेक्टर जमिनमा सिँचाइको सुविधा भए पनि खोलानालानै सुकेकाले समस्या भएको हो । जिल्लाको मुख्य बाली धान हो भने कोदो दोस्रो मुख्य बाली हो । मकै र गहुँ क्रमशः तेस्रो र चौथो बालीको रुपमा उत्पादन हुने गरेको छ । जिल्लाभर नौ हजार ५० हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ भने झण्डै सात हजार हेक्टरमा कोदो र मकै खेती हुने गरेको छ । मुख्य बाली लगाउने समयमै खडेरी परेका कारण कृषकलाई समस्या परेको छ । कृषि ज्ञान केन्द्र पर्वतले लामो समयदेखि वर्षा नहुँदा पर्वतमा रोपाइँ गर्न समस्या भएको जनाएको छ ।

मौसम सक्रिय नभएसम्म रोपाइँ गर्न नपाउने भएपछि कृषक समस्यामा परेका छन् । वरिष्ठ कृषि विकास अधिकृत मनिता थापाले यो महिनाको अन्त्य वा असार महिनाको पहिलो सातासम्म मनसुन सक्रिय भएमा उत्पादनमा भने असर नगर्ने बताउनुभयो । उहाँले रोपाइँ गरिसकेपछि साउन र भदौमा समेत निरन्तर वर्षा भएमा धान, कोदो उत्पादन राम्रो हुनेसमेत उहाँको भनाइ रहेको छ । जिल्लाका सात पालिकाका ६१ वडाकै कृषक यतिबेला मनसुनको पर्खाइमा रहेको कृषि ज्ञान केन्द्र पर्वतले जनाएको छ ।

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
पर्यटन तथा उद्योग कार्यालय, कास्की

फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०२/२६

यस कार्यालयबाट मिति २०७७/१०/२९ मा कास्की जिल्ला पोखरा १७ मा संचालन गर्ने गरि हरिनास ०५ स्याङ्जा निवासी प्रदिप नेपालीको नाममा दर्ता भएको उद्योग दर्ता नं. १९२३३/०७७/०७८ (८३१) को प्रदिप ल्यापटप कम्प्युटर सर्मत सेन्टर सेवा नामक फर्मको प्रोप्राईटरले मिति २०८०/०२/२६ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

पर्यटन तथा उद्योग कार्यालय, कास्की
गण्डकी प्रदेश, पोखरा

‘मदिरा रहित समाज निर्माण अभियान’

पोखरापत्र संवाददाता
पोखरा २७ जेठ

कास्की जिल्ला रुपा गाउँपालिकाको वडा नं. ७ हंसपुरका वासिन्दाहरु यतिखेर मदिरा रहित समाज निर्माण अभियानमा जुटेका छन् ।

मदिरा तथा लागु औषध सेवा कर्ता बढेको कारण समाजमा दिनप्रतिदिन बढेको विकृति एवम् विसंगती अन्त्य गरि सभ्य समाज निर्माणका लागि टोलवासीको भेलाले आजदेखि मदिरा निषेधित अभियान सञ्चालन गरेको हो ।

स्थानीय बिभिन्न संघसंस्था, समाजसेवी, वुद्धिजिवी सहितको सहगितामा आज वडाका हंसपुर गाउँ क्षेत्रका प्रत्येक पसलमा पुगेर मदिरा व्यवस्थापन तथा लागु औषध नियन्त्रणका विषयमा सचेतना मूलक कार्यक्रम गरिएको टोलसुधार समितिका अध्यक्ष डिलबहादुर नेपालीले जानकारी दिनुभयो । लागु औषधको प्रयोग तथा बिक्री वितरणले मानिसको स्वास्थ्य बिग्रनुका साथै धन सम्पत्तिको समेत क्षेति हुने भएकोले यसको नियन्त्रणका लागि पहल कदमी थालिएको उहाँको भनाई छ । महिला मिलन विकास समितिका सदस्य एवम् स्थानीय स्वयंसेवीका ताराकुमारी सापकोटाले सभ्य र समृद्ध समाज निर्माणको अभियानमा सवैको साथ र सहयोग रहने विश्वास व्यक्त गनुभयो ।

उक्त क्षेत्रका प्रत्येक घरबाट एक जनताको सहभागिता रहेको सचेतना अभियानका क्रममा मदिरा तथा लागू औषध निशेधित सुचना टाँस गरिएको बताउँदै उहाँले भन्नुभयो, “सुचनालाई व्यवास्था गरेमा गाउँपालिका र प्रहरीको सहयोगमा कडा भन्दा कडा कार्वाही गरिने छ ।” गाउपालिकाका अध्यक्ष नवराज ओझाले हंसपुरले शुरु गरेको अभियानमा आफ्नोतर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै समाजको दुष्मनका रुपमा रहेको मदिरा र लागु औषध निषेध अभियानमा सवैको सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । ग्रामीण क्षेत्रका प्रत्येक पसलमा मदिरा विक्री वितरण हुने गरेको गुनासो आउन थालेपछि पालिकाकाले कार्यालय समय बाहेक र स्वीकृति लिएको पसलवाट मात्र मदिरा विक्री वितरण गर्ने अभियान सञ्चालन गरेको बताउनुभयो । पछिल्लो समय अधिकांश उमेर समुहका मानिसमा मदिरा तथा लागू औषध जस्ता कुलतमा लाग्नेको संख्यामा बृद्धि भएपछि घरका वालवालिका र जेष्ठनागरिकमा समेत चिन्तित बनेको सहभागि महिलाहरुको एउटै स्वर रहेको छ ।

‘आमासमूहसँग उपमेयर’

पोखरापत्र संवाददाता
म्याग्दी, २७ जेठ

महिलालाई आत्मनिर्भर बनाउन म्याग्दीको बेनी नगरपालिकाले ‘ आमासमूहसँग उपमेयर’ कार्यक्रम सञ्चालन गरेको छ ।

आमासमूहलाई परिचालन गरेर महिलाको आर्थिक र सामाजिक सशक्तीकरण गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको नगरपालिकाले जनाएको छ । महिलालाई आर्थिकरूपमा सक्षम, आत्मनिर्भर, स्वावलम्बी बनाउँदै सामाजिकरूपमा सशक्तीकरण गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको बेनी नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले बताउनुभयो । “समुदायस्तरमा महिला सशक्तीकरण र सामाजिक कामको अगुवाइ गरिरहेका आमासमूहसँग समन्वय गरेर महिलालाई स्थानीय स्रोत, साधन र सम्भावना भएको उद्यम व्यवसायी गरी आयआर्जनका काममा संलग्न गराउन खोजेका छौं”, उहाँले भन्नुभयो । महिला आर्थिकरूपमा सक्षम भएमा हिंसा न्यूनीकरण हुनुका साथै रोजगारीको सिर्जना भई आत्मनिर्भर हुने भएकाले महिलालाई समाजमा अगाडि ल्याउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको उपप्रमुख लामिछानेको भनाइ थियो । उहाँका अनुसार दुई वटा वडाका तीन/तीन वटा आमासमूहले आयआर्जन र सीपमूलक काम सुरु गरेका छन् । नगर उपप्रमुख लामिछानेको प्रस्तावमा कार्यपालिकाको पहिलो बैठकले उक्त कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको थियो । चालु आर्थिक वर्षमा रू २० लाख विनियोजन भएकामा कार्यक्रमका लागि नगरपालिकाले वडा नं ३ र ९ लाई छनोट गरेको छ । बेनपा-३ को स्वर्गाश्रम, बेलढुङ्गा र मण्डली आमासमूहले स्थानीय जातका कुखुरापालन सुरु गरेका छन् । तीन वटा समूहमा आबद्ध ३५ जनालाई खोर निर्माणका लागि अनुदानका साथै कुखुरापालन सम्बन्धी तालिम र चल्ला वितरण गरिने वडा नं ३ का वडाध्यक्ष रत्न जिसीले बताउनुभयो । वडा नं ९ को गलेश्वर आमासमूहमा आबद्ध २० जना महिलाहरूका लागि शुक्रबारदेखि चप्पल बनाउने तालिम सुरु भएको छ ।

तातो हावाको लहरबाट कस्ता असर पर्छन् र कसरी जोगिने ?

रासस
काठमाडौं, २७ जेठ

नेपालमा पछिल्लो समयमा तातो हावाको लहर (हिट वेभ) जारी छ । यो तराईका जिल्लामा बढ्दो छ । तापक्रम वृद्धि हुँदा जनजीवन प्रभावित भएको छ भने कृषि बालीमा असर परिरहेको छ । यो क्रम अझै केही दिन जारी रहने मौसमविद्हरूले बताएका छन् । तराईका जिल्लामा ४० डिग्रीभन्दा माथि तापक्रम छ ।

तातो हावाको लहर बढ्दा कतिपय स्थानमा तापक्रमले ‘रेकर्ड ब्रेक’ नै गरेको छ । इलाम, नवलपुर, धरान, ओखलढुङ्गालगायत क्षेत्रमा रेकर्ड ब्रेक भएको मौसमविद्ले बताएका छन् । यस्तो अवस्थाबाट कसरी जोगिने, केके गर्न सकिन्छ भन्ने विषयमा खास तयारी छैन । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले अब भने तयारी थालिएको बताउनुभयो । यसको असर र यसबाट बच्ने उपायका बारेमा चिकत्सक डा पवनकुमार शाहले केही ‘टिप्स’ दिनुभएको छ ।

उहाँका अनुसार तातो हावाको लहरले मानिसलाई मृत्यसम्म पनि गराउन सक्ने भएकाले सावधानी अपनाउनु जरुरी छ । सुरुमा यसले चिलाउने, साना बिमिरा देखिने हुनसक्छ । त्यसबाट इन्फेक्सन भयो भने ठूला घाउ, खटिरा पनि बन्न सक्ने उहाँले बताउनुभयो । यस्तै खुट्टा सुनिने, रिङटा लाग्ने र बेहोस पनि हुन सकिन्छ । रक्तचाप घट्नेलगायतका लक्षण पनि देखिन सक्ने उहाँले बताउनुभयो । काम गर्ने व्यक्तिमा ‘डिहाइड्रेसन’ (निर्जलीकरण) हुनसक्ने बढी खतरा हुन्छ । यस्तो बेलामा तिर्खा बढी लाग्ने, टाउको दुख्ने पनि हुन्छ । वृद्धवृद्धा, बालबालिका तथा कमजोर व्यक्तिहरू कोमामा पनि जान सक्ने खतरा हुन्छ । हात खुट्टा बाउँडिने, अलिक बढी नै भयो भने वान्ता आउने र वान्ताका क्रममा फोक्सोमा पुग्यो भने मानिसको मृत्यु हुनसक्ने उहाँले बताउनुभयो । यसका लागि शीतल ठाउँमा बस्नु नै यसको उपयुक्त उपचार हो । प्रशस्त पानी पिउने, घाममा धेरै नहिँड्ने, दिउँसो काम नगर्ने गर्दा पनि यसबाट जोगिन सकिन्छ । लक्षणअनुसारको उपचार हुने भन्दै डा शाहले तातो स्थानबाट चिसो ठाउँमा राख्ने, मसाज गर्ने, जीवनजल खुवाउने, कतिपय खुट्टामा असर परेको बेला खुट्टा उठाएर चिसो ठाउँमा राख्दा पनि कम हुँदै जाने बताउनुभयो । यति हुँदा पनि कम भएन भने चिकित्सकको निगरानीमा उपचार गराउनुपर्ने उहाँले सुझाव दिनुभएको छ ।

घार्मीमा सकारात्मक सोच सम्बन्धि तालिम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २७ जेठ

पोखरा महानगरपालिका वडा नं १९ घार्मीमा सकारात्मक सोच तथा नेतृत्व विकास सम्बन्धी तालिम सम्पन्न भएको छ।

गायत्री बहुउद्देश्यीय सामुदायिक सिकाइ केन्द्रको आयोजनामा २ दिनसम्म संचालन भएको तालिममा साविकको लामाचौर गाविस वडा नं ७; ८ र ९ नम्बर वडाका विभिन्न ७ वटा आमा समुहका ४० जना महिलाको सहभागिता रहेको थियो। तालिममा वरिष्ठ पत्रकार पुण्य पौडेल र पत्रकार तथा सामाजिक अभियन्ता सुष्मा पौडेलले सहजीकरण गर्नुभएको थियो । तालिम समापनको अवसरमा बोल्दै पोखरा महानगरपालिका वडा नं १९ का अध्यक्ष पुष्पेन्द्र पाण्डेले सिक्ने र सिकाउने कार्य जिवनभर निरन्तर रूपमा चलिरहने बताउँदै, सिकेका कुरा व्यवहारमा उतार्न सुझाव दिनुभयो । पूर्व वडा अध्यक्ष शोभामोहन पौडेलले तालिमले ग्रामीण क्षेत्रका महिला दिदी बहिनीको नेतृत्व तथा व्यक्तित्व विकासमा उत्साह थपेको बताउँदै, यस्ता कार्यक्रमलाई स्थानीय सरकारले प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा वडा सदस्य दुर्गा देवी वस्नेत, कल्पना सुनार, पुर्व श्रोत व्यक्ति एवं शिक्षासेवी लेखनाथ लामिछाने, फोकल पर्सन कृष्ण भण्डारी, परिचालिका पवित्रा पौडेल लगायतले तालिम फलदायी रहेको बताउँदै, व्यवहारमा उतार्न आग्रह गरेका छन् । केन्द्रका अध्यक्ष शोभामोहन पौडेलको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन महेन्द्र मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं केन्द्रका सदस्य वैकुण्ठ पौडेलले गर्नुभएको थियो । वि सं २०७२ सालमा स्थापना भएको केन्द्रले शिक्षा, कृषि र महिला सशक्तिकरणका क्षेत्रमा काम गर्दै आईरहेको बताईएको छ ।

छात्रछात्र बृद्धिचालको उपाधि त्रिवेणी पब्लिकलाई

पोखरापत्र संवाददाता
पोखरा, २७ जेठ

एन प्याव्सन कास्कीले आयोजना गरेको प्रथम अन्तर विद्यालय स्तरीय बुद्धिचाल प्रतियोगिताको छात्र छात्राको उपाधि त्रिवेणी पब्लिक स्कुलले हात पारेको छ।

एन प्याव्सन कास्कीमा आवद्ध विद्यालयका छात्र र छात्रा तर्फ भएको उक्त प्रतियोगितामा छात्र तर्फ त्रिवेणी पब्लिक स्कुलका प्रमोद रानाभाट प्रथम, पुष्प सदन एकेडेमीका अनमोल थापा द्धितीय, चिल्ड्रेन्स एकेडेमीका आदित्य गुरुङ्ग तृतीय र इमानुयल स्कुलका परुश तामाङ्ग सान्त्वना भएका थिए।

त्यसैगरी छात्रा तर्फ त्रिवेणी पब्लिक स्कुलकी चाहाना राइ प्रथम, एलपी देवकोटा मेमरियल स्कुलकी मेनुका अधिकारी द्धितीय, रत्नज्योति माविकी श्यामसुधा पराजुली तृतीय सिद्धार्थ लवडेल वोर्डिङ्ग स्कुलकी दावा डोल्मा सान्त्वना भएका थिए । विजयी विद्यार्थी तथा विद्यालयलाई कार्यक्रमका प्रमुख अतिथि शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक चुडामणि शर्मा, शिक्षा विकास तथा समन्वय इकाइ कास्कीका प्रमुख लोकनाथ आचार्य, प्रमुखबाट निवृत्त भएका नारायण सुवेदी र एन प्याव्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले ट्रफी मेडल र प्रमाण पत्र वितरण गरेका थिए। त्यसैगरी उत्कृष्ट दश भित्र पर्ने विद्यालयका विद्यर्थीलाई पनि मेडल प्रदान गरिएको थियो । छात्रा तर्फ गोर्खा वोडिङ्ग स्कुल, अञ्जुली आवासिय विद्यालयल, सिद्धिविनायक वोडिङ्ग स्कुल, ज्ञानज्योति विद्याकुञ्ज मावि, डायमण्ड मोडेल स्कुल, कास्की मोडनाइज्ड एकेडेमी रहेका छन् भने छात्र तर्फ मर्निङ्गग्लोरी एकेडेमी स्कुल, लिटिल फ्लावर एजुकेशन एकेडेमी, सिद्धिविनायक वोर्डिङ्ग स्कुल, अक्सफोर्ड स्कुल, कान्तिपुर एकेडेमी, साइनिङ्ग स्टार वोडिङ्ग स्कुल रहेका छन्।

प्रतियोगितामा छात्र तर्फ ३८ जना र छात्रा तर्फ ३२ जना सहभागिता रहेको कार्यक्रम संयोजक राजु कायस्थले जानकारी दिए । प्रतियोगिताको निर्णायकमा नेशनल चिफ अरविटर मनेश्वर अधिकारी, नेशनल अरिवटर शुक्र कुमार प्रधान, नेशनल अरविटर सागर साइ र अरविटर युवराज भण्डारी रहेका थिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक चुडामणि शर्माले बुद्धिचाल प्रतियोगिताले विद्यार्थीको सोच्न सक्ने क्षमताको विकास गर्ने बताए। उनले प्रतियोगिताले विद्यार्थीको बौद्धिकता निखार गर्दै अन्तराष्ट्रिय स्तरमा मेडल प्राप्त गर्न सकिने विश्वास व्यक्त गरे । उक्त अवसरमा शिक्षा विकास तथा समन्वय इकाइ कास्कीका प्रमुख लोकनाथ आचार्यलाई स्वागत र इकाइबाट निवृत्त भएका पूर्व प्रमुख नारायण सुवेदीलाई विदाई गरिएको थियो । त्यस अवसरमा बोल्दै प्रमुख आचार्यले कास्की निजि विद्यालयहरु सँग समन्वय गरेर अगाडि बढ्ने बताए।

निवृत्त प्रमुख सुवेदीले आफु लामो समय कास्की जिल्लामा रहेर काम गरेको बताउँदै आगामि दिनमा पनि यस क्षेत्रको शैक्षिक गुणस्तर बृद्धि गर्नका लागि आफु सधै सहयोगी बन्ने बताए । एन प्याव्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव मनकाजी गुरुङले गरेका थिए।

गर्मी बढेपछि गोरखा र तनहुँमा विद्यालय बन्द

पोखरापत्र संवाददाता
गोरखा, २७ जेठ

गर्मी अत्यधिक बढेपछि गोरखा र तनहुँमा विद्यालयको पठनपाठन बन्द गरिएको छ।

गोरखाको पालुङटार नगरपालिकाले नगरक्षेत्र भित्रका सवै विद्यालयमा पठनपाठन बन्द गरेको छ । गर्मीले विद्यालयमा पठनपाठन गर्न नसकिने भएपछि नगरपालिकाले नगरक्षेत्रका ५३ वटै विद्यालय बन्द गर्ने निर्णय गरेको हो । ती सबै विद्यालय तीन दिन बन्द रहने पालुङटार नगरपालिकाका नगरप्रमुख विवस चिन्तनले जानकारी दिनुभयो।

“गर्मी ह्वात्तै बढेपछि बालबालिकाको स्वास्थ्यमा समेत असर पर्न थालेपछि विद्यालय बन्द गरिएको हो”, उहाँले भन्नुभयो। मङ्गलबारसम्म सम्पूर्ण विद्यालय बन्द रहने छन्। गर्मी बढ्दै गए थप समयका लागि पठनपाठन बन्द गरिने नगरप्रमुख चिन्तन बताउनुहुन्छ।

“कक्षा कोठाभित्र बस्न सकिने अवस्था छैन”, उहाँले भन्नुभयो- “यस्तो अवस्थामा विद्यालय बन्द गर्नु उचित ठान्यौँ ।” पालुङटार क्षेत्रमा पछिल्लो समय अधिकतम तापक्रम ४० डिग्रीभन्दा बढी पुगेको छ। पालुङटार नगरपालिका भित्र आठ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत रहेको नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखाका अधिकृत माधव पोखरेलले जानकारी दिनुभयो। यसैगरी गर्मी बढेपछि तनहुँमा पनि विद्यालयको पठनपाठन बन्द गरिएको छ । जिल्लाको शुक्लागण्डकी र आँबुखैरेनी गाउँपालिकाका सबै विद्यालय बन्द गरिएका छन्।

विद्यार्थीको स्वास्थ्यमा असर पर्ने अवस्था देखिएपछि पालिकाले सामुदायिक तथा संस्थागत विद्यालय बन्द गर्ने निर्णय गरेको हो। आँबुखैरेनीले यही जेठ २८ गतेदेखि असार १ गतेसम्म सबै विद्यालय बन्द गर्ने निर्णय गरिएको गाउँपालिकाका प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो। यस्तै देवघाट गाउँपालिकाले यसअघि नै विद्यालयको पठनपाठन बन्द गरेको छ । व्यास नगरपालिका भित्रका केही विद्यालयले पठनपाठन बन्द गरेका छन्। व्यास-१२ कमलबारीस्थित सिद्धेश्वरी माध्यमिक विद्यालय, दमौलीको सत्यवती, निर्मल, जलदेवीलगायत विद्यालयले पठनपाठन बन्द गरेको नगरपालिकाको शिक्षा शाखा प्रमुख नविन पराजुलीले जानकारी दिनुभयो। “विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराएर पठनपाठन बन्द गर्न पाउने सामुदायिक र संस्थागत सबै विद्यालयलाई पत्राचार गरेका छौँ”, उहाँले भन्नुभयो । तनहुँको ऋषिङ, घिरिङ, भीमाद, भानु र म्याग्दे गाउँपालिकाका विद्यालयमा भने पठनपाठन जारी छ।

टिकट महँगो भएपछि रत्न मन्दिर छिरेनन् विदेशी

– रामबहादुर थापा
पोखरा, २७ जेठ (रासस)

गणतन्त्र दिवसका अवसरमा यही जेठ १५ गते खुला गरिएको पोखराको फेवा किनारास्थित रत्न मन्दिर घुम्ने विदेशी पर्यटकको सङ्ख्या अति न्यून छ। अहिलेसम्म जम्मा नौ जना विदेशी पर्यटक टिकट काटेर मन्दिर छिरेका छन्।

त्यहाँ भित्रिने आन्तरिक पर्यटकको सङ्ख्या भने दैनिक सयौँमा छ । टिकटको शुल्क सुनेपछि महँगो भन्दै विदेशीहरू प्रवेशद्वारबाटै फर्कने गरेको पोखरास्थित नेपाल ट्रस्टको एकाइ कार्यालय प्रमुख गीता मिजारले बताउनुभयो । उहाँका अनुसार नेपालीका लागि रु एक सय र विदेशी नागरिकका लागि रु एक हजार प्रवेश शुल्क तोकिएको छ । “विदेशी पर्यटकबाट टिकट शुल्क घटाउनुपर्ने सुझाव आएको छ, यो विषयमा नेपाल ट्रष्टको केन्द्रीय कार्यालयमा पनि जानकारी गराएका छौँ”, प्रमुख मिजारले भन्नुभयो, “टिकट दर संशोधन गर्ने कुरा भइरहेको छ, माथिबाट निर्णय भएर आउन बाँकी छ।”

पर्यटन सम्बद्ध निकाय र संस्थाबाट पनि विदेशी पर्यटकका लागि तोकिएको शुल्कलाई केही घटाउनुपर्ने सुझाव आएको उहाँको भनाइ छ । आन्तरिक पर्यटक भने दैनिक सरदर तीन सय ५० को सङ्ख्यामा रत्न मन्दिर पुगेको तथ्याङ्क उक्त कार्यालयसँग छ । गत शनिबार मात्रै सात सय बढीले रत्न मन्दिर घुमेका थिए। सोमबारबाहेक हरेक दिन बिहान १० बजेदेखि साँझ ५ बजेसम्म मन्दिर खुला हुने गर्छ। टिकट कक्ष भने ४ बजे नै बन्द हुन्छ। विद्यार्थी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिका लागि रु ५० शुल्क निर्धारण गरिएको छ । कार्यालयको पूर्वस्वीकृति लिएर वृत्तचित्रका लागि प्रतिघण्टा रु पाँच हजार र व्यावसायिक भिडियोग्राफीका लागि प्रतिघण्टा रु १० हजार शुल्क तोकिएको छ। पूर्वराजपरिवारको शीतकालीन दरबारका रूपमा चिनिने रत्नमन्दिर गणतन्त्रको उदयसँगै १५ वर्षदेखि बन्द अवस्थामा थियो। पर्यटकीय गन्तव्यस्थलका विकास गर्ने ध्येयले पहिलोपटक उक्त दरबार सर्वसाधारण तथा पर्यटकका लागि खुला गरिएको हो।

नवौँ शाहवंशीय राजा महेन्द्रले आफ्नी कान्छी रानी रत्नको नाममा रत्न मन्दिर बनाउनुभएको थियो। राजसंस्थाको अन्त्यपछि पूर्वराजा वीरेन्द्रको नाममा रहेको उक्त दरबार विसं २०६४ मा नेपाल ट्रस्टको स्वामित्वमा आएको थियो । शाहवंशीय राजाको इतिहाससँग गाँसिएको रत्न मन्दिर सर्वसाधारणका लागि खुला गर्नुपर्ने माग स्थानीयस्तरमा उठ्दै आएको थियो। दरबारको संवेदनशीलता र प्राविधिक कठिनाइका कारण दरबारको सबै भाग भने खुला गरिएको छैन । दरबारका कोठा, भऱ्याङदेखि भित्री संरचना साँघुरा छन्। एकैपटक सबै खोल्दा दरबारमा रहेका ऐतिहासिक सामग्रीको सुरक्षादेखि आन्तरिक व्यवस्थापनमा चुनौती छ । दरबारले चर्चेकोमध्ये २८ रोपनी क्षेत्र मात्र अहिले सर्वसाधारणका लागि खुला गरिएको हो । पोखरा महानगरपालिका-६ फेवा किनारको गौरीघाट कटेपछि बाराहीघाट नपुग्दै बीचमा रत्न मन्दिर आइपुग्छ। रत्न मन्दिर विसं २०१३ मा निर्माण आरम्भ भएर विसं २०१५ मा बनेको थियो। तीन तले दरबारमा ११ कोठा छन्। भुइँ तलामा अतिथिकक्ष, भोजनालय, राजाका सुरक्षा अधिकृत (एडिसी) बस्ने कोठा र आराम कक्ष छ। दोस्रो तलामा पाँच कोठा छन् । कोठाबाहिरको मुख्य हलमा बैठक कक्ष छ । जसमा राजपरिवारका सदस्य मात्र बैठक बस्ने गर्थे । राजपरिवारले क्यारेमबोर्ड, चेस, तास आदि खेल्ने कोठा पनि सोही तलामा छ। त्यो बेलाका खेल सामग्री सुरक्षित छन् । दोस्रो तलामै युवराजको शयनकक्षसहित तीन पाहुना कोठा छन् । राजपरिवारका निकटस्थ नातेदार र आफन्तका लागि ती कोठा प्रयोग गरिन्थ्यो। सबैभन्दा माथिल्लो तलामा राजारानीको शयनकक्ष र पूजा कोठा रहेको छ । बाहिरपट्टि आराम कक्ष र दृश्यावलोकनका लागि कौसी छ। हरेक कोठामा रहेका पलङ, खाट, कुर्ची, टेबललगायत फर्निचरका सामग्री बेतबाट बनेका छन्।

मुख्य कोठाहरूमा सजावट र उपहारका सामग्री राखिएको छ। राजपरिवारका सदस्यले प्रयोग गर्ने भान्छादेखि शृङ्गारसम्मका सामग्री जतन गरिएको छ । भित्तामा पूर्वराजा महेन्द्र, वीरेन्द्र, ज्ञानेन्द्रदेखि पूर्वयुवराज पारसका सन्ततिसम्मका तस्बिरहरू सजाइएको छ । नेपाली कला झल्काउने हस्तकलाका सामग्रीदेखि आकर्षक ‘पेन्टिङ’ हरू दरबारभित्र छन् । दरबारमा प्रयोग हुने टेलिभिजन, रेडियो, टेलिफोन सेटलगायत सञ्चार र सूचना प्रविधिका सामग्री सङ्ग्रहित छन् । काठ र ढुङ्गाबाट दरबार बनेको छ।

दरबारको पछाडिपट्टि भान्छा, कर्मचारी र सुसारेका लागि बनाइएका स-साना कोठा छन् । सुरक्षाका लागि नेपाली सेनाको छुट्टै भवन छ। अहिले रणचण्डी गणले दरबारमा सुरक्षा पहरा दिइरहेको छ। एक सय ७४ रोपनी क्षेत्रफलमा रत्न मन्दिर फैलिएको छ।

पानीको जोहो गर्न दुई घण्टा

पोखरापत्र संवाददाता
गल्याङ, २७ जेठ

स्याङ्जाको गल्याङ नगरपालिका-३ पाल्पाली डाँडाका स्थानीयले खानेपानीको जोहो गर्न दुई घण्टा बिताउने गरेका छन्।

गल्याङ बजारबाट पाल्पाली डाँडा करिब तीन सय मिटर दूरीमा पर्दछ । यहाँका अधिकांशले ज्याला मजदुरी गरेर जीविकोपार्जन गरिरहेका छन् । भालेको डाँकोसँगै उठेर बिहान ९-१० बजेसम्म सबैको समय पानीको खोजीमा बित्छ । बस्ती बसेदेखि अहिलेसम्म यहाँका स्थानीय दुई/अढाई घण्टा पिउने पानीको खोजीमा बिताउँछन्। “बर्खा होस्, या हिउँद डोकोमा पानी नबोकी सुक्खा छैन, बर्खामा अलि नजिकको मुहानमा पानी पाइए पनि हिउँदमा पानी कहाँ छ भन्दै खोज्दै हिँड्नुपर्छ”, स्थानीय ४८ वर्षीया चनिसरा गाहाले भन्नुभयो, “पानीको व्यवस्था गरिदिन नगरपालिकासँग धेरै अनुरोध गऱ्यौँ तर पनि पिउने पानी डोकोमा नबोकी खानै पाइँदैन ।” उहाँले हिउँदको समय पानी खोज्न दुई/अढाई घण्टा लाग्ने बताउँदै एउटा मुहानमा पानी नभए अर्कोमा जानुपर्ने बाध्यता रहेको सुनाउनुभयो । “स्कुल जाने केटाकेटीलाई पानी लिन पठायो दश उतै बजाउँछन्, पानीका कारण राम्रोसँग पढ्न पनि पाउँदैनन्”, गाहाले भन्नुभयो। स्थानीय ६९ वर्षीया चेतकुमारी गाहाले पाल्पाली डाँडामा बस्न थालेदेखि पानी बोकेरै खाएको दुःखेसो गर्नुभयो । “पानी बोकेरै जीवन बिताउनु पर्ने भयो, घरमै आएको पानी थाप्ने दिन कहिले आउला ?”, उहाँले प्रश्न गर्नुभयो, “यो डाँडामा बोल्ने मान्छे पनि कोही नभएर होला, खानेपानीमा सधैँ सास्ती खेप्नु परेको छ।”

स्थानीय ५५ वर्षीय अमर थापाले आँधीखोला लिफ्टिङ खानेपानीले वस्तुभाउलाई खुवाउन सहज बनाएको बताउनुभयो। “मान्केखोलाको पानी पिउनयोग्य खासै मानिँदैन, नौ घरको संयुक्त एकमात्र धारा छ, वस्तुभाउलाई खुवाउन सबैले डोकोमै बोक्ने गरेका छौँ”, उहाँले भन्नुभयो, “मान्केखोलाको पानी आएको पनि धेरै भएको छैन, कल्लेरीको पानी ल्याउने भनेर घरघरै धारा बनाएका छन् ।” उहाँले कल्लेरीको पानी आए पिउने पानीको समस्या हट्ने बताउनुभयो । तुल्सीभञ्ज्याङ खानेपानी तथा सरसफाइ आयोजनाका अध्यक्ष लिलाबल्लै अर्यालले ‘एक घर एक धारा’ कार्यक्रमअन्तर्गत पाल्पाली डाँडामा पिउने पानी वितरणका लागि तयारी भइरहेको जानकारी दिनुभयो। अबको एक महिनाभित्र सबैका घरघरमा पानीको धारा आइपुग्ने उहाँले दाबी गर्नुभयो । गल्याङ नगरपालिका-३ का वडाअध्यक्ष कृष्ण भट्टराईले तुल्सीभञ्ज्याङ खानेपानी तथा सरसफाइ आयोजनाको पानी अपुग भएमा कोसेढुङ्गाको पानी लिफ्टिङ गरेर पाल्पाली डाँडामा ल्याउने योजना बनाइएको जानकारी दिनुभयो। अब केही महिनाभित्रै गाउँमा खानेपानीको समस्या अन्त्य हुने उहाँको भनाइ थियो।

त्रिभुवन विश्वविद्यालय
वन विज्ञान अध्ययन संस्थान
पोखरा क्याम्पस, पोखरा

मेडिकल अधिकृत पदमा आवेदन दिने म्याद थप सम्बन्धी सूचना ।

यस वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पस, पोखराका लागि एक जना मेडिकल अधिकृत पद करार सेवामा पदपूर्ति गर्न आवश्यक भई मिति २०८०/०२/०५ मा सूचना प्रकाशित गरिएकोमा उक्त पदका लागि आवेदन दिने म्याद २०८०/०३/०३ सम्म थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै मिति २०८०/०३/०४ गते सम्पर्क राख्नुहुन जानकारी गराईन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसको वईवसाईट हेर्न वा क्याम्पसमा सम्पर्क राख्नुहोला ।

क्याम्पस प्रमुख